# सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

सूचना नम्बर ०१/२०८१/८२

मितिः २०८१/१२/२८
ने.सं. ११४५

**विषयः तह मिलान /तहवृद्धिको लागि आवेदन फाराम पेस गर्ने सम्बन्धी संशोधित सूचना।**

लुम्बिनी प्रदेश स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८१ को दफा ७ बमोजिम तह मिलान/तहवृद्धि र सोही ऐनको दफा ३१ तथा स्थानीय निजामती सेवा नियमावली, २०८१ बमोजिम तहवृद्धि प्रयोजनका लागि यस कार्यालयमा कार्यरत तपसिल बमोजिम योग्यता पुगेका कर्मचारीहरुले स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार अनुसूची-१६ बमोजिमको ढाँचामा देहाय बमोजिमका काजगजातहरु संलग्न राखी मिति २०८१/१२/२७ गते प्रकाशित भएको मितिले दफा ७ बमोजिम तह मिलान/तहवृद्धि हुने कर्मचारहरुले ७ (सात) दिनभित्र र दफा ३१ बमोजिम तहवृद्धी हुने कर्मचारीहरुले १५ (पन्ध्र दिनभित्र यस कार्यालयको प्रशासन शाखामा आवेदन पेस गर्नुहुन सम्बन्धित सम्पूर्ण कर्मचारीहरुको जानकारीको लागि यो संशोधित सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**(क) दफा ७ को हकमा**

१. सक्कल निवेदन,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
३. हालको पदको नियुक्ति पत्र/समायोजन पत्र/ बढुवा पत्रको प्रतिलिपी,
४. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपी,
५. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
६. हालसम्म विभागीय कार्वाहीमा नपरेको तथा प्रचलित कानुन बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वःघोषणा,
७. तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत

वेबसाइटः- www.sandhikharkamun.gov.np, इमेलः- sandhikharkamunicipality@gmail.com
फोनः- ०७७-४२०११२, ४२०६६२

(ख) दफा ३१ को हकमा

१. सक्कल निवेदन,

२. हालको पदको नियुक्तीपत्रको प्रमाणित प्रतिलिपि,

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,

५. अद्यावधिक व्यक्तिगत विवरणको प्रतिलिपी,

६. पछिल्ला पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेस गरेको निकायको विवरण,

७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,

८. हालसम्म विभागीय कार्वाहीमा नपरेको तथा प्रचलित कानुन बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वःघोषणा,

९. तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(खिमानन्द भुसाल)
प्रमुख प्रशासकीय अधिकृत



CamScanner